# आशिष सामाजिक सेवा नेपाल

# वार्षिक प्रगति विवरण

२०८० श्रावण महिना देखि २०८० चैत्र महिना सम्म

तयार गर्ने

आशिष सामाजिक सेवा नेपाल

## परिचय

आशिष सामाजिक सेवा नेपाल विगत १७ वर्षदेखि मानव बेचबिखन र लैङ्गिक हिंसा अन्त्यका लागि कार्य गर्दै आईरहेको मुनाफा रहित सामाजिक संस्था हो । यस संस्थाले लैङ्गिक हिंसा तथा मानव बेचबिखन र त्यसको उच्च जोखिममा रहेको चेलीहरुको रोकथाम तथा सशक्तिकरण, व्यसायिक पुर्नस्थापना एवम् शिक्षाको अवसरको सिर्जना गरि उनीहरुकै सक्रियतामा सामाजिक विकास तथा चेतनाको स्तरमा अभिवृद्धि गर्ने कार्यक्रमहरु गर्दै आईरहेको छ ।

उद्धार गरिएका महिला तथा बालबालिकाको पुनर्स्थापना गरि सिप विकास तालिम प्रदान गरि परिवारमा पुनर्मिलन गराउने र व्यवसाय संचालनमा सहयोग गरि आत्मनिर्भर बनाउन सहयोग गर्ने तथा समुदायमा सचेतनामुलक कार्यक्रम संचालन गर्दै आईरहेको छ ।

## केन्द्रिय कार्यालय :

बुटवल-२ रुपन्देही

## परिकल्पनाः

मानब बेचबिखन मुक्त, शिक्षित एवम् आत्मा निर्भर समाज ।

## लक्ष्य

- लैङ्गिक हिंसा र बेचबिखन प्रभावित तथा त्यसको उच्च जोखिममा रहेका चेलीहरुको सशक्तिकरण, व्यवसायिक पुर्नस्थापना एवम् शिक्षाको अवसरको सृजना गरि उनीहरुकौ सक्रियतामा सामाजिक बिकास तथा चेतनाको अभिवृद्धि गर्ने ।

## ध्येय

- मानव बेचविखन तथा लैङ्गिक हिंसा लगाएत सामाजिक असमानता तथा कुरीतिका विरुद्ध सुसुचित आत्मानिर्भर एवं व्यवसायिक महिलाहरु ।

## लक्षित वर्ग

- मानव बेचविखन प्रभावित चेलीहरु
- मानव बेचविखनको उच्च जोखिममा भएका चेलीहरु
- लैङ्गिक हिंसाबट प्रभावित चेलीहरु
- आर्थिक समस्या बाट प्रभावित विधार्थीहरु

## आशिष सामजिक सेवा नेपालको कार्यक्षेत्र

१. रुपन्देही :- (बुटवल बसपार्क, सुनैली, ककरहवा लुम्बिनी)

२. नवलपरासी :- महेशपुर

३. चितवन :- भरतपुर

४. पर्सा :- वीरगंज,ठोरी

५. र्सलाही :- मलंगवा

६. कैलाली :- धनगढी,गौरीफन्टा

७. रौतहट :- गौर

८. बाँके :- नेपालगंज जमुनाहा

९. बर्दिया :- गुलरीया,लौकैया

१०.कपिलवस्तु :- कृष्णनगर

११.कंचनपुर :- महेन्द्रनगर,गड्डाचौकी

# संस्थाद्धारा संचालित कार्यक्रम

- ✓ सिमा निगरानी र परामर्श सेवा तथा सचेतनामुलक कार्यक्रम
- ✓ सिप विकास तालिम केन्द्र संचालन
- ✓ व्यवसाय र महिला स्वरोजगार सहयोग कार्यक्रम
- ✓ छात्रवृत्ति सहयोग कार्यक्रम
- ✓ शिक्षक सहयोग कार्यक्रम
- ✓ प्रभावित महिला तथा किशोरीहरुलाई कानुनी सहायता
- ✓ सचेतना, वकालत तथा पैरवी
- ✓ समन्वय तथा सहकार्य

# १.सिमा निगरानी तथा परामर्श सेवा

यस संस्थाले मानव बेचविखन रोकथामको लागी रुपन्देही, पर्सा, नवलपरासी, रौतहट, सर्लाही, कपिलवस्तु, बाके, बदिर्या,कैलाली र महिन्द्रनगरमा गरि जम्मा ११ वटा जिल्लामा १३ वटा सुचना तथा  परामर्श केन्द्र स्थापना गरि विभिन्न ट्राभल्स एजेन्सी हुदै भारत तर्फ जान लागेका महिलाहरुलाई मानब बेचविखन सम्बन्धि परामर्श सेवा संचालन गरिएको छ । जस अर्न्तगत आर्थिक बर्ष मा गरेका उपलब्धीहरु





**२०८० श्राबण देखि चैत्र  महिना  सम्म आशिष सामाजिक सेवा नेपाल (ASSN) द्धारा संचालीत सम्पुर्ण सीमानामा परामर्श केन्द्र बाट  प्राप्त उपलब्धीहरु :**

| **क्र.स** | **कामको विवरण** | रौतहट | र्सलाहि | बिरगंज | ठोरी | नवलप रासी | बुटवल | लुम्बिनी | सुनौली | कपिलवस्तु | बाकें | बदिया | कैलाली | महेन्द्रन गर | **जम्मा संख्या** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सुचना सम्प्रेषण | ३८९ | ७३१ | ३५०० | २१७६ | ३०१५ | १४३२ | ३०७० | ५५०० | ३५१० | ३७९५ | २१८७ | ३०६५ | २११४ | ३४४८४ |
| २. | परामर्श | २९० | ५७५ | २००० | १५११ | १५०५ | १२०० | १९९० | १६३५ | १९१४ | ३१२९ | १९०५ | १८६४ | १२१८ | २०७३६ |
| ३. | उद्धार | ३८ | ९४ | ९८ | ३२ | ६३ | ८६ | ३३ | ८१ | १०४ | २५७ | ५९ | १७७ | २८ | ११५० |
| ४. | प्रहरीको सहयोगमा घटना व्यवस्थापन | ३८ | ९४ | ९८ | ३२ | ६३ | ८६ | ३३ | ८१ | १०४ | २५७ | ५९ | १७७ | २८ | ११५० |
| ५. | आपतकालिन आवास गृहका सेवा प्रदान | १५ | ३७ | ५६ | ७ | २८ | २५ | १४ | ७० | ७९ | ११२ | ३४ | ४५ | २८ | ५५० |
| ६. | परिवारीक पुनमिलन | ३६ | ९१ | ९३ | २९ | ६० | ७९ | ३० | ७३ | ९७ | २४६ | ५३ | १७१ | २४ | १०८२ |
| ७ | मुद्धा दर्ता | | | | | | १ ज.ज.क | | १ ज.ज.क | १ मानब बेचबिखन | | | १(मानव बेचविखन तथा ओसारपसार) | | ४ (२,मानव बेचविखन तथा ओसारपसार, २ ज.ज.क |
| ८ | तलिम केन्द्र सिफारीस | २ | ३ | ५ | ३ | ३ | ७ | ३ | ८ | ७ | ११ | ६ | ६ | ४ | ६८ |
| **जम्मा लाभान्वित संख्या** | | | | | | | | | | | | | | | |

# २. सिप विकास तालिम केन्द्र संचालन

मानव बेचविखन तथा लैङ्गिक हिंसाबाट प्रभावित महिला तथा किशोरीहरु लाई संस्थाको तालिम केन्द्र भरतपुर, चितवन  र बुटवल, रुपन्देहीमा राखि ६ महिने सिलाई कटाई  तालिम संञ्चालन गरेको थियो र उक्त तालिममा ६८ जना किशोरी तथा महिलाहरु प्रत्यक्ष लाभान्वित भएका थिए। उक्त तालिममा अचार बनाउने र सिलाई कटाई सिपहरु सिक्नु भएको छ




## ३.व्यवसाय तथा महिला स्वरोजगार सहयोग कायक्रर्म

मानव बेचविखन तथा लौङ्गिक हिंसाबाट प्रभावित किशोरी तथा महिलाहरुलाई तालिम पुरा गरी आफ्नै समुदायमा पुर्नमिलन गराउने र तालिम सकिएपछि आफ्नो घरमा गई आफ्नै गाउँ, ठाउँमा स्व-व्यवसाय सञ्चालन गर्ने उद्देश्यले सञ्चालित यस कार्यक्रममा तपशिल अनुसार चेलीहरुले व्यवसाय र रोजगारी गरिरहेका छन् ।

- २ वटा सिलाई कटाई व्यवसाय ।
- २ जना फासफुट व्यवसाय ।
- १२ जना मानव बेचविखन तथा लैङ्गिक हिंसाबाट प्रभावित चेलीहरुले संस्थामा नै रोजगारी पाउनु भएको छ ।

## ४.छात्रवृत्ति कार्यक्रम

- आशिष सामाजिक सेवा नेपालले बुटवल ११ मजुवा स्थित सुर्योदय आधारभुत विद्यालयमा शुरुका दिन देखी हालसम्म त्यस विद्यालयमा अध्यानरत विद्यार्थीहरुको पठन पाठन लाई निरन्तरताको लागी ३ जना शिक्षक र २ जना टियुसन शिक्षकको

साथै छात्र छात्रा लाई  बर्ष भरी पुग्ने स्टेशनरी सामान समेत उपलब्ध गराईएका छौ । यस विद्यालयमा हाल १६५ जना छात्र छात्रा हरु अध्यानरत छन । हाल यस विद्यालयका विद्यार्थीहरु लाई हप्तामा २ दिन दिवा खाना समेत उपलब्ध गराइएको छ । जसबाट त्यस विद्यालयको विBfर्थीहरु लाई पठन पाठनमा सहज हुनुका साथै पढ्ाईको स्तरमा समेत प्रगती भएको पाईएको छ ।





## ६.सचेतनामुलक कार्यक्रम

- दिवस समारोह ) (Day Celebration)

✓ मानव बेचबिखन तथा लैङ्गिक हिंसा रोकथाम गर्ने उद्देश्यका साथ आशिष सामाजिक सेवा नेपालको आयोजना तथा विभिन्न सीमामा स्थानिय निकाय, सहकारी संस्था र विद्यालयहरुसँगको सहकार्यमा सचेतनामुलक कार्यक्रमका साथै विभिन्न राष्ट्रिय एवं अर्न्तराष्ट्रिय दिवस समारोह सम्पन्न  भएको छ ।

✓ अर्न्तराष्ट्रिय महिला दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान लगायतका विभिन्न कार्यक्रमहरु मार्फत २१५० जना प्रत्यक्ष प्रशिक्षीत भएका छन् भने करिब २९०० जनाले मानव बेचबिखन तथा लैङ्गिक हिंसाविरुद्ध लाभान्वित भएका छन् ।

✓ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तरगत आशिष सामाजिक सेवा नेपाल विरगंज ले सचेतना मुलक कार्यक्रम गरेको थियो । जसमा सरकारी कार्यालय प्रमुख, सघं संस्था प्रतिनिधी, प्रत्रकार लगाएत बिद्याथिहरुको उपस्थिती रहेको कार्यक्रम बाट ४०० जना लाभान्वित हुनुभएको छ ।

## ७.समन्वय तथा सहकार्य

- समान उद्धेश्य भएका संघ संस्थाहरुसंग मिलि प्रभावकारी रुपमा कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ ।
- विभिन्न वडाहरु र विद्यालयहरु सँगको सहकार्य ।
- संस्थागत पारदर्शिता तथा असल शु -सासनलाई उच्चतम प्राथमिकता राख्दै विभिन्न समयमा अनुगमन तथा मूल्याङ्कन सम्पन्न ।
- स्थानिय सरकार तथा सम्बन्धित कार्यालयहरु सँग आवश्यकता अनुसार समय समयमा समन्वयात्मक बैठक सम्पन्न गर्दै आइरहेको छ ।

# धन्यवाद !!!